## जोरायल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : २ मिति : २०७९/०३/१०


### भाग-१

### जोरायल गाउँपालिका

## जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०७९

**प्रस्तावनाः**

जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जोरायल गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो विधेयक २०७९ साल श्रावण १ गतेदेखि जोरायल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर

गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्बन्धित प्रदेशले असूल गरी अन्तर सरकारी वित्त व्यवस्थापन विधेयक २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन विधेयक २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन विधेयक २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र हुने आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाँट बजार , पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वाफत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने सम्पत्ति कर

| सि.नं. | सम्पत्तिको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु. ५० (पचास) | |
| २ | पचास लाख रुपैयाँसम्म | प्रतिलाख रु. १० (दश) | |
| ३ | एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रतिलाख रु. २० (बीस) | |
| ४ | एक करोड दुई लाख देखि तीन करोड रुपैयाँसम्म | प्रतिलाख रु. २५ (पच्चीस) | |
| ५ | एक करोड तीन लाख देखि चार करोड रुपैयाँसम्म | प्रतिलाख रु. ३० (तीस) | |
| ६ | एक करोड चार लाख देखि पाँच करोड रुपैयाँसम्म | प्रतिलाख रु. ४५ (पैतालिस) | |
| ७ | पाँच करोड भन्दा माथि | प्रतिलाख रु. ५० (पचास) | |
| नोटः मूल्याङ्कन रकमलाई रु. लाख (Roung Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ । | | | |

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

| सि.नं. | जग्गाको प्रकार र करको दर | | कैफियत |
|---|---|---|---|
| | खेत | पाखो | |
| १ | प्रति रोपनी रु. ६ (छ) | प्रति रोपनी रु. ४ (चार) | |
| नोटः जग्गाको प्रकार नखुलेमा सबैभन्दा न्यूनतम दर असुल गरिने । | | | |

अनुसूची-३
(दफा ३ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सबै किसिमका घर | घर भाडाको १०% | |

अनुसूची-४
(दफा ५ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने व्यवसाय कर

| सि.नं. | व्यवसायको प्रकार | करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | होटल लज रेष्टुरेन्ट | | |
| | ➢ ५ कोठा भन्दा बढी भएको बस्ने तथा खाने व्यवस्था भएको होटेल | २००० | |
| | ➢ लज मात्र भएको | १००० | |
| | ➢ भोजनालय | १००० | |
| | ➢ मिठाई पसल | ६०० | |
| | ➢ चिया चमेना पसल | ५०० | |
| | ➢ १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्ट | ५००० | |

| | | | |
|---|---|---|---|
| २ | मासु पसल | ५०० | |
| ३ | मदिरा पसल | | |
| | ➢ थोक बिक्रेता | ५००० | |
| | ➢ खुद्रा बिक्रेता | २००० | |
| ४ | सुन चाँदी गहना पसल | ८०० | |
| ५ | रेडियो मोबाईल बिक्रि तथा मर्मत | ५०० | |
| ६ | सञ्चार सेवा | | |
| | ➢ निजी क्षेत्रका हुलाक सवा, कुरियर सेवा | ५०० | |
| | ➢ टेलिफोन, फ्याक्स, इमेल, ईन्टरनेट सेवा | ५०० | |
| ७ | घडी बिक्रि तथा मर्मत | २०० | |
| ८ | केवल टि.भी. सेवा | १५०० | |
| ९ | फोटोग्राफी | | |
| | ➢ कलर ल्याब | ८०० | |
| | ➢ फोटो स्टुडियो | ३०० | |
| १० | हजाम | २०० | |
| ११ | टेलिरङ्ग | २०० | |
| १२ | जुत्ता चप्पल पसल | ५०० | |
| १३ | मोटर वर्कशप | | |
| | ➢ गाडीको बडी बनाउने तथा मर्मत गर्ने | १००० | |
| | ➢ मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने | १००० | |
| | ➢ सम्पूर्ण सवारी साधन मर्मत तथा पार्टस बेच्ने | १००० | |
| | ➢ गाडी मात्र मर्मत गर्ने | २०० | |
| | ➢ मोटर साईकल मर्मत गर्ने | ५०० | |
| १४ | छापाखाना | | |
| | ➢ अफसेट प्रेस | १००० | |
| | ➢ साधारण प्रेस | ७०० | |
| १५ | स्वास्थ्य सेवा | | |
| | ➢ गैरसरकारी अस्पताल/पोलिक्लिनिक | २००० | |
| | ➢ नर्सिङ होम | ३००० | |
| | ➢ मेडिकल/ल्याव | ५०० | |
| १६ | मेटल वर्कशप | १००० | |
| १७ | फर्निचर उद्योग | | |
| | ➢ स-मिल | २००० | |
| | ➢ स-मिल ट्रली सहितको | ३००० | |
| | ➢ स-मिल नभएको सानो | १००० | |
| १८ | ईटा भट्टा र ईटा डिपो | | |
| | ➢ ईटा भट्टा | २४०० | |
| | ➢ ईटा डिपो | ७०० | |
| १९ | कम्प्युटर इन्सिच्युट | ५०० | |
| २० | दाउरा डिपो | ३०० | |
| २१ | पान पसल | १०० | |
| २२ | बेकरी उद्योग र बेकरी पसल | | |

| | | | |
|---|---|---|---|
| | ➢ बेकरी उद्योग | १००० | |
| | ➢ बेकरी पसल | ५०० | |
| २३ | तरकारी र फलफुल पसल | ५०० | |
| २४ | दूना टपरी उद्योग | ३०० | |
| २५ | मिल | | |
| | ➢ कुटानी पिसानी र पेलानी मिल एउटा मेशित | १००० | |
| | ➢ प्रति थप एक मेसिनमा | ५०० | |
| २६ | साईकल मर्मत | १०० | |
| २७ | घ बर्गका निर्माण व्यवसायी इजाजत दस्तुर तथा नवीकरण दस्तुर | | |
| | ➢ ईजाजतपत्र दस्तुर | २००० | |
| | ➢ ईजाजतपत्र नवीकरण दस्तुर | १००० | |
| | ➢ ईजाजतपत्र नवीकरण थप दस्तुर | २००० | |
| | ➢ ईजाजतपत्र प्रतिलिपी दस्तुर | ५०० | |
| | ➢ नामसारी दस्तुर | १००० | |
| २८ | टेलिभिजन पसल, इलेक्ट्रोनिक्स | १००० | |
| २९ | कपडा तथा रेडिमेट, भाँडाकुँडा पसल | | |
| | ➢ रु. १००००० सम्म पुजी भएको | ५०० | |
| | ➢ रु. १००००१ देखि ३००००० सम्म पुजी भएको | १००० | |
| | ➢ रु. ३००००१ वा सो भन्दा माथि पुजी भएको | १५०० | |
| ३० | दैनिक खाद्य तथा किराना पसल | | |
| | ➢ रु. १००००० सम्म पुजी भएको | ५०० | |
| | ➢ रु. १००००१ देखि ३००००० सम्म पुजी भएको | १००० | |
| | ➢ रु. ३००००१ वा सो भन्दा माथि पुजी भएको | १५०० | |
| ३१ | ब्युटिपार्लर, श्रृङ्गार पसल | ५०० | |
| ३२ | कुखुरा पालन उद्योग | | |
| | ➢ १००० सम्म चल्ला राख्ने | ६०० | |
| | ➢ १००१ देखि ३००० सम्म चल्ला राख्ने | १२०० | |
| | ➢ ३००१ देखि ५००० सम्म चल्ला राख्ने | २००० | |
| | ➢ ५००१ भन्दा माथि चल्ला राख्ने | ३००० | |
| | ➢ ह्याचरी समेत भएको पोल्ट्री फर्म | ५५०० | |
| ३३ | पशुपालन फर्म | | |
| | ➢ बंगुर पालन फर्म | ५०० | |
| | ➢ भैसी पालन फर्म | ५०० | |
| | ➢ बाखा पालन फर्म | ५०० | |
| | ➢ अन्य पशुपालन | ५०० | |
| ३४ | पशु बधशाला | १००० | |
| ३५ | पशुपालन फर्म, कृषि फर्म, पोल्ट्री फर्म दर्ता | १००० | |
| ३६ | अनुदान आवेदन दस्तुर | १०० | |
| ३७ | हार्डवेयर पसल | | |
| | ➢ रु. १००००० सम्म पुजी भएको | ५०० | |
| | ➢ रु. १००००१ देखि ३००००० सम्म पुजी भएको | १००० | |
| | ➢ रु. ३००००१ देखि ५००००० सम्म पुजी भएको | १५०० | |

| | | | |
|---|---|---|---|
| | ➢ रु. ५००००१ वा सोभन्दा माथि पुजी भएको | २५०० | |
| ३८ | ईलेक्ट्रिक पसल | ७०० | |
| ३९ | कानूनी फर्म | ५०० | |
| ४० | साईन बोर्ड पेन्टिङ्ग | २०० | |
| ४१ | फर्निचर एण्ड फर्निसिङ्ग पसल | १००० | |
| ४२ | स्टेशनरी पसल | | |
| | ➢ खेलकुद सामाग्री सहितका स्टेशनरी पसल | ५०० | |
| | ➢ स्टेशनरी मात्र भएको | ३०० | |
| ४३ | जडिबुटि खरिद बिक्रि पसल | ६०० | |
| ४४ | निजी स्कुल | २००० | |
| ४५ | निजी नर्सरी | ५०० | |
| ४६ | वित्तिय सेवा | | |
| | ➢ नेपाल सरकारका पूर्ण स्वामित्त्वमा रहेका बाहेकका आर्थिक कारोबार गर्ने बाणिज्य बैंकहरु | ५००० | |
| | ➢ बित्तीय संस्थाका शाखा कार्यालयहरु | २००० | |
| | ➢ बहुउद्देश्यीय सहकारी संस्था दर्ता | १००० | |
| | ➢ अन्य सहकारी संस्था दर्ता | १००० | |
| ४७ | चस्मा पसल | ५०० | |
| ४८ | सिलाई मेसिन विक्री तथा मर्मत पसल | ५०० | |
| ४९ | रेफ्रिजेरेटर मर्मत पसल | ५०० | |
| ५० | दुग्ध डिपो पसल, डेरी | ५०० | |
| ५१ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्था | ३००० | |
| ५२ | म्यानवापर सेवा | १५०० | |
| ५३ | केटरिङ्ग सेवा | १००० | |
| ५४ | आईस क्रिम पसल | ३०० | |
| ५५ | कृषि सामाग्री पसल, भेटनरी सम्बन्धी पसल | ५०० | |
| ५६ | दाना उद्योग | १००० | |
| ५७ | निजी कलेज | ५००० | |
| ५८ | तारजाली बनाउने उद्योग | १००० | |
| ५९ | मार्बल, टायल पसल | १००० | |
| ६० | ब्लक उद्योग | १५०० | |
| ६१ | मिनरल वाटर उद्योग | २००० | |
| ६२ | पानी ट्याङ्कर | ५०० | |
| ६३ | ग्यास डिपो | ७०० | |
| ६४ | कोल्टस्टोर | १००० | |
| ६५ | आधुनिक पानी धट्ट | १०० | |
| ६६ | ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | १००० | |
| ६७ | कवाडी संकलन केन्द्र | १००० | |
| ६८ | खनिज उद्योग | | |
| | ➢ सबै प्रकारको खनिज उद्योग दर्ता तथा नवीकरण (रोडा, ढुंगा समेत) | ५०००० | |
| | ➢ अन्य ठूला उद्योग तथा कलकारखाना दर्ता तथा नवीकरण (पचास लाख भन्दा माथि) | १०००० | |
| | ➢ खानी क्रसर नामसारी दस्तुर | ४०००० | |

| | | | |
|---|---|---|---|
| | ➢ गाउँपालिका क्षेत्रभित्रबाट निकासी गररिने ढुंगा, गिट्टी, बालुवा, स्टेल, ग्राभेल र रोडामा संकलन शुल्क प्रति घन मिटर | १.५ | |
| | ➢ गाउँपालिका क्षेत्रभित्रबाट निकासी गरिने माटोमा संकलन शुल्क प्रति घन मिटर | ०.५ | |
| | ➢ गाउँपालिका क्षेत्रभित्रका विभिन्न खोलाहरुबाट उत्खनन गरी बिक्री गर्ने ढुंगा, गिट्टी, बालुवामा बिक्री कर प्रति घन मिटर | ३०० | |
| | ➢ गाउँपालिका क्षेत्रभित्रका विभिन्न खोलाहरुबाट उत्खनन् गरी बिक्री गर्ने ढुंगा, गिट्टी, बालुवामा निकासी कर प्रति घन मिटर | ३०० | |
| | ➢ गाउँपालिका क्षेत्रभित्रका निजी क्रसरहरुबाट उत्खनन गरी निकासी गर्ने ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडामा निकासी कर प्रति घन मिटर | ६०० | |
| | ➢ माटो निकासी कर प्रति घन मिटर | २०० | |
| ६९ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक पेशा | | |
| | ➢ ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ईन्जिनियर र ओभरसियरलाई पटके दस्तुर | १००० | |
| | ➢ लेखा परिक्षक | ५०० | |
| | ➢ स्वीकृत चिकित्सक | १००० | |
| | ➢ पशु चिकित्सक | ५०० | |
| | ➢ कविराज | ३०० | |
| | ➢ भवन निर्माण गर्ने व्यक्ति (ठेकेदार) | १००० | |
| ७० | माथि उल्लेखित भएका भन्दा बाहेकका व्यवसायहरुका हकमा | | |
| | ➢ रु. २०००० सम्म पुजी भएको | १०० | |
| | ➢ रु. २०००१ देखि १००००० सम्म पुजी भएको | ५०० | |
| | ➢ रु. १००००१ देखि ३००००० सम्म पुजी भएको | १००० | |
| | ➢ रु. ३००००१ देखि ५००००० सम्म पुजी भएको | १५०० | |
| | ➢ रु. ५००००१ वा सो भन्दा माथि पुजी भएको | २५०० | |

## अनुसूची-५
### (दफा ६ सँग सम्बन्धित)
### गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | करको प्रकार | करको दर | केफियत |
|---|---|---|---|
| १ | च्याँउ निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| २ | सतुवा निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ३ | जटामसी निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ४ | सम्मे निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ५ | तेजपात निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ६ | दालचिनी निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ७ | अमला निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ८ | रिठा निकासी कर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ९ | साल | बिक्रि वाफत प्राप्त रकमको १०% | |

| | | | |
|---|---|---|---|
| १० | सल्ला | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| ११ | गैर काष्ठ | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| १२ | साज | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| १३ | खायर | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| १४ | खोटो | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| १५ | कवाडी खरिद | बिक्रि वाफत प्राप्त रकमको १०% | |
| १६ | कानूनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार | कार्यपालिकाको निर्णय बमोजिम | |

अनुसूची-६

(दफा ७ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने सवारी साधन कर

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची-७

(दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने विज्ञापन कर

| सि.नं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | साईनबोर्ड प्रति बर्गफिट | ४० | |
| २ | होडिङबोर्ड बर्गफिट | ७५ | |
| ३ | गलोसाईन बोर्ड बर्गफिट | ९० | |
| ४ | व्यानर प्रति हप्ता | १०० | |
| ५ | डिजिटल बोर्ड प्रति वर्गफिट | २०० | |

अनुसूची-८

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| सि.नं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची-९

(दफा १० सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने बहाल बिटौरी कर

| सि.नं. | बहाल बिटौरीको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची-१०
(दफा ११ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने पार्किङ कर

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | ट्रक, बस, जीप लगायतका सवारी साधन (पटके दस्तुर, २४ घण्टाका लागि) बढीमा | १० | |
| २ | दुई पाङ्ग्रे सवारी साधन (पटके दस्तुर, २४ घण्टाका लागि) बढीमा | ५ | |

अनुसूची-११
(दफा १२ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्कको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची-१२
(दफा १३ सँग सम्बन्धित)
गाउँपालिकाले लगाउने सेवा शुल्क, दस्तुर

| सि.नं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर रु | कैफियत |
|---|---|---|---|
| **क.** | सिफारिस | | |
| १ | नागरिकता | १२५ | |
| २ | नागरिकता प्रतिलिपी | २०० | |
| ३ | घर जग्गाकाको नामसारी | ३०० | |
| ४ | मोही लगत कट्टा | १०० | |
| ५ | घर कायम | २०० | |
| ६ | छात्रबृत्ति/विपन्न/विपन्न विद्यार्थी अपाङ्गता/असहाय/विपद पिडित | निशुल्क | |
| ७ | अस्थायई/स्थाई बसोबास | १०० | |
| ८ | आर्थिक अवस्था सम्पन्न वा बलियो | ५०० | |
| ९ | विद्युत जडान | १०० | |
| १० | धारा जडान | १०० | |
| ११ | जीवित रहेको | १०० | |
| १२ | दुवै नाम गरेको व्यक्ति एकै हो | १०० | |
| १३ | फरक जन्ममिति संशोधन | १०० | |
| १४ | जग्गा/सम्पत्ति मूल्याङ्कन सिफारिस/प्रमाणित | मूल्याङ्कन गरिएको रकमको ०.२५% | |
| १५ | व्यवसाय बन्द | २०० | |
| १६ | व्यवसाय संचालन नभएको | २०० | |
| १७ | व्यापार व्यवसाय नभएको | २०० | |

| | | | |
|---|---|---|---|
| १८ | कोर्ट फि मिनाहा | निःशुल्क | |
| १९ | नावालक परिचयपत्र | १०० | |
| २० | चौपाया सम्बन्धी | १०० | |
| २१ | व्यवसयाय दर्ता | १०० | |
| २२ | उद्योग ठाउँसारी | ५०० | |
| २३ | विद्यालय ठाउँसारी | ५०० | |
| २४ | आन्तरिक बसाई सराई | २०० | |
| २५ | विद्यालय संचालन स्वीकृत/कक्षा बृद्धि | २०० | |
| २६ | व्यक्तिगत विवरण | १०० | |
| २७ | जग्गा दर्ता | १०० | |
| २८ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| २९ | संरक्षक सिफारिस (संस्थागत) | २०० | |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम | निशुल्क | |
| ३१ | जीवितसँगको नाता प्रमाणित | १५० | |
| ३२ | मृतकसँगको नाता प्रमाणित | १५० | |
| ३३ | कोठा खोल्ने कार्य/रोहहवरमा बस्ने कार्य | १०० | |
| ३४ | निःशुल्क/सशुल्क उपचार | निशुल्क | |
| ३५ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | १०० | |
| ३६ | संस्था दर्ता | २०० | |
| ३७ | घरबाटो प्रमाणित | कच्ची बाटो भएको: रु. २००<br>पक्की बाटो भएको रु.५००<br>घरबाटो नभएको: रु. १०० | |
| ३८ | चार किल्ला प्रमाणित | तिन तिर बाटो भए: ५००<br>दुई तिर बाटो भए: ४००<br>एक तिर बाटो भए: ३००<br>बाटो नभएको: १०० | |
| ३९ | जन्म मिति प्रमाणित | १०० | |
| ४० | विवाह प्रमाणित | १०० | |
| ४१ | घर पाताल प्रमाणित | १०० | |
| ४२ | कागज/मन्जुरीनामा प्रमाणित | १०० | |
| ४३ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ४४ | अविवाहित प्रमाणित | २०० | |
| ४५ | जग्गाको रेखाङ्कन कार्य/सफ कार्यमा रोहवर | १०० | |
| ४६ | जग्गाधनि पुर्जा हराएको | २०० | |
| ४७ | पुर्जामा घर कायम गर्न | २०० | |
| ४८ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० | |
| ४९ | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ५० | मुचुल्का प्रमाणीकरण व्यवसायी,बिमा प्रयोजन | ५०० | विपद बाहेक |
| ५१ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकताका सिफारिसहरु/प्रमाणितहरुका लागि | १०० | |
| **ख.** | **पञ्जीकरण** | | |
| १ | जन्मदर्ता | ❖ ३५ दिनभित्र निःशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| २ | मृत्युदर्ता | ❖ ३५ दिन पश्चात रु. २००<br>❖ प्रतिलिपीका लागि रु. ५०० | | |
| ३ | बसाईसराई आउने/जाने दर्ता | | | |
| ४ | विवाह दर्ता | | | |
| ५ | सम्बन्ध बिच्छेद दर्ता | | | |
| ग. | सभाहल भाडामा | १००० | | |
| घ. | **नक्सा पास दस्तुर (नया तथा पुरानो)** | | | |
| १ | सुर्खिचुना जोडाई | २००० | | |
| २ | माटो जोडाई कच्ची घर | ५०० | | |
| ३ | साविक बमोजिम भवन तथा घर मर्मत स्वीकृति | ५०० | | |
| ४ | अस्थायी टहरा साधारण प्रति वर्गफिट | २ | | |
| ५ | अस्थायी टहरा होटेल उद्योग आदि प्रति वर्गफिट | ५ | | |
| ६ | माटो जोडाई पक्की घर प्रति वर्गफिट | २ | | |
| ७ | सिमेन्ट जोडाईको पक्की घर भुई तला प्रति वर्गफिट | ५ | | |
| ८ | सिमेन्ट जोडाईको पक्की घर पहिलो तला देखि माथि प्रति वर्गफिट | ६ | | |
| ९ | होटेल व्यवसाय र सिपङ्ग कम्प्लेक्सको लागि प्रति वर्गफिट | ८ | | |
| १० | निर्माण भईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्डभित्र रहेछ भने नियमित दस्तुरको अलवा थप | ५ | | |
| ११ | कम्पाउण्ड वाल सिमेन्ट जोडाई प्रति वर्गफिट | २ | | |
| १२ | कम्पाउण्ड वाल माटो जोडाई प्रति वर्गफिट | १ | | |
| १३ | गा.पा. हुनु अगावै निर्माण भएको घरमा तला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमा प्रमाणित दस्तुर प्रतिवर्ग फिट | ३ | | |
| १४ | नक्सा नामसारी दस्तुर | ५ | | |
| १५ | घर निर्माण सरसफाई धरौटी | ५००० | | |
| ङ | गैर सरकारी संस्था दर्ता/नविकरण | | | |
| १ | अन्तर्राष्ट्रिय गै.स.स. | ५००० | | |
| २ | राष्ट्रिय गै.स.स. | | | |
| | ❖ राष्ट्रिय स्तरीय | १००० | | |
| | ❖ प्रदेश स्तरीय | ८५० | | |
| | ❖ जिल्ला स्तरीय | ७५० | | |
| | ❖ गाउँपालिका स्तरीय | ५०० | | |
| च. | पशु सेवा शाखाबाट प्रदान गरिने सेवा बाफतको राजश्व | | | |
| १ | उपचार सेवा कार्यक्रम | | | |
| | ❖ गाई/ भैंसी प्रति पशु दस्तुर<br>❖ भेडा/ बाखा प्रति पशु दस्तुर<br>❖ कुखुरा/हाँस प्रति पंक्षी दस्तुर<br>❖ कुकुर/बिरालो प्रति पशु दस्तुर<br>❖ घोडा/खच्चर/बाँदर र अन्य वन्यजन्तु प्रति पशु दस्तुर | १०<br>५<br>५<br>२५<br>५० | | |
| २ | प्रयोगशाला परीक्षण | | | |
| | ❖ गोबर परीक्षण दस्तुर | १० | | |
| ३ | शव परीक्षण | | | |
| | ❖ गाई/भैंसी<br>❖ भेडा/बाखा | २५<br>१५ | | |

| | | | | |
|---|---|---|---|---|
| | ❖ कुखुरा/हाँस<br>❖ कुकुर/बिरालो<br>❖ अन्य | १०<br>१०<br>२०० | | |
| ४ | पशु बन्ध्याकरण | | | |
| | ❖ राँगो, साँडे प्रति पशु दस्तुर<br>❖ बोका प्रति पशु दस्तुर<br>❖ कुकुर, बिरालो, बंगुर दस्तुर | ५०<br>२५<br>१०० | | |
| ५ | कृत्रिम गर्भाधान प्रति पशु  दस्तुर | १०० | | |
| ६ | अन्य राजश्व दर | | | |
| | ❖ समूह/समिति/व्यक्तिगत फार्म तथा अन्य फार्म दर्ता दस्तुर<br>❖ समूह/समिति/व्यक्तिगत फार्म तथा अन्य फार्म नविकरण दस्तुर<br>❖ सबै किसिमका सिफारिस, पशु निकासी सिफारिस बाहेक दस्तुर<br>❖ सबै किसिमका अनुदानको प्रताव दर्ता दस्तुर | १०००<br>५००<br>१००<br>१०० | | |
| ७ | पशुन्छी निकासी सिफारिस दस्तुर | | | |
| | ❖ गाई,भैंसी प्रति पशु दस्तुर<br>❖ बाखा, बंगुर प्रति पशु दस्तुर<br>❖ हाँस, कुखुरा तथा अन्य प्रति पंक्षी दस्तुर | १००<br>५०<br>५ | | |

अनुसूची-१३

(दफा १४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्क

| सि.नं. | पर्यटकको प्रकार | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक पर्यटक | प्रतिव्यक्ति रु १० | |
| २. | बाह्य पर्यटक | प्रतिव्यक्ति रु ५० | |

आज्ञाले,

नरेन्द्र सिंह ठगुन्ना

प्रमुख प्रशासकीय अधिकृत